# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उपउच्चायुक्त

# क्युङ ह्वा काङद्वारा

# नेपालको संविधानसभा सदस्यहरूलाई गरिएको सम्बोधन

**काठमाडौं,**

**२०६८, वैशाख ६**

(प्रकाशन-प्रसारणपूर्व परीक्षण)

**United Nations**
**Office of the High commissioner for Human Rights in Nepal**
**OHCHR – Nepal**

व्यवस्थापिका-संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिका माननीय अध्यक्ष,

संविधानसभाका सम्माननीय अध्यक्ष तथा माननीय उपाध्यक्ष,

संविधान सभाका समितिका माननीय अध्यक्षहरू,

संविधानसभा तथा व्यवस्थापिका-संसद्का माननीय सदस्यहरू तथा सचिवालयका कर्मचारीहरू,

महिला तथा सज्जनवृन्द,

आज काठमाडौंमा यहाँहरू सबैसँग भेट गर्न पाउनु खुसी र सौभाग्यको कुरा हो। नेपालको ऐतिहासिक संविधानसभा तथा व्यवस्थापिका संसद्का सदस्य, तपाईंहरूसँग बोल्ने अवसर दिइएकोमा म विशेष रूपमा गौरवान्वित भएकी छु। तपाईंहरूसँग आज बोल्ने अवसर दिएकोमा म अन्तर्राष्ट्रिय सम्बन्ध र मानवअधिकार समितिलाई विशेष धन्यवाद दिन चाहन्छु। म उच्चायुक्त नभी पिल्लेको व्यक्तिगत अभिवादन र शुभेच्छा पनि सुनाउन चाहन्छु।

मैले सन् २००८ को जनवरीमा गरेको पछिल्लो नेपाल भ्रमणका बेला तपाईंको देशले यस सभाका लागि निर्वाचन गर्न लागेको थियो र यसरी शान्ति स्थापनातर्फ महत्त्वपूर्ण कदम चाल्दै थियो। तीन वर्षपछि, शान्ति प्रक्रिया कायम रहेको तथा बारम्बारका चुनौतीहरूका बाबजुद महत्त्वपूर्ण मुद्दाहरूमा राजनीतिक सहमति भइरहेको तथ्यलाई म स्वागत गर्दछु। विस्तृत शान्ति सम्झौताभित्रका सम्पूर्ण कार्यहरू पुरा गर्न अझै केही काम गर्न बाँकी रहे तापनि सबै प्रमुख दलहरूले दिगो शान्तिका लागि देखाएको साँचो प्रतिबद्धता साँच्चै नै प्रशंसनीय छ।

नेपाल फेरि देशका लागि केही नयाँ जग हालेर शान्तिलाई सबल बनाउने ऐतिहासिक मोडमा पुगेको छ। आज म तपाईंहरूमा निहित दुई मुख्य जिम्मेवारीहरूमा केन्द्रित हुन चाहन्छु। पहिलो, सत्य र न्यायका लागि कुरिरहेका हजारौं पीडितका मागहरूलाई सम्बोधन गरी द्वन्द्वको पानालाई पुरै पल्टाउने तपाईंहरूको जिम्मेवारी। दोस्रो, नयाँ संविधानको निर्माण गरी मानवअधिकार, कानुनी शासन तथा सबै नेपालीका लागि न्यायको सम्मान र समान अधिकारमा आधारित नयाँ देशको स्थापना गर्ने तपाईंहरूको जिम्मेवारी। तपाईंहरूको काँधमा समान मानवका रूपमा आफ्ना अधिकारको दाबी गर्न सक्ने अझ राम्रो र स्वच्छ समाजको स्थापना हुने दसौं लाख नेपालीहरूको आशा अडेको छ भने तपाईंहरूको पछाडि संयुक्त राष्ट्रसङ्घ तथा समग्र अन्तर्राष्ट्रिय समुदायको पूर्ण सहयोग रहेको छ।

सर्वप्रथम म सबैभन्दा पछिल्लो पटकको अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धिलगायतका प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूलाई अनुमोदन गर्नमा अग्रस्थान लिएकोमा म नेपाललाई बधाई दिन चाहन्छु। कतिपय महत्त्वपूर्ण मानवअधिकार दस्तावेजहरूलाई अनुमोदन गरेर नेपालले आफ्नो भूभागभित्रका सबै व्यक्तिको व्यापक मानवअधिकारहरूको सम्मान, संरक्षण गर्ने र तिनलाई पुरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यी दस्तावेजहरूले मानवअधिकारका मुद्दाहरूसँग सम्बन्धित संवैधानिक बहसका लागि जगको काम गर्छन्। मानवअधिकारका प्रमुख दस्तावेजहरूलाई हेर्दा ती दस्तावेजले अन्तर्राष्ट्रिय समुदायले सावधानीपूर्वक प्रयोग गरेको भाषामा विभिन्न प्रकारका नागरिक, राजनीतिक, आर्थिक तथा साँस्कृतिक अधिकारका साथै महिला, जातीय, धार्मिक, भाषिक तथा यौन अल्पसङ्ख्यक, दलित, आप्रवासी, आदिवासी जनजाति, बालबालिका वा अपाङ्गता भएका व्यक्तिहरूमध्ये जुनसुकै विशिष्ट समुदायका अधिकारहरूलाई विस्तृत रूपमा प्रस्तुत गरेको हामी पाउँछौं।

नेपाललाई अरू मानवअधिकार दस्तावेजहरू अनुमोदन गर्न संविधानसभाले दिएको सार्वजनिक सहयोगबाट म धेरै उत्साहित भएकी छु। मैले विशेषगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई अनुमोदन गर्ने कार्यलाई अघि बढाउन सरकारलाई निर्देशन दिँदै संसद्ले सन् २००६ जुलाईमा पारित गरेको एउटा प्रस्तावलाई ध्यानमा लिएकी छु। नेपालद्वारा गरिएका मानवअधिकारसम्बन्धी यी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू मैले आज चर्चा गर्न गइरहेको दुईवटा कार्यलाई मार्गदर्शन गर्नमा अत्यन्त महत्त्वपूर्ण छन् भन्ने मेरो विश्वास छ।

माननीय अध्यक्ष,
संविधानसभाका माननीय सदस्य र कर्मचारीहरू,
महिला तथा सज्जनवृन्दहरू,

यसै ढङ्गबाट भविष्यमा दिगो शान्ति स्थापना गर्ने आफ्नो सम्भावनालाई उल्लेख्य रूपबाट प्रभावित पार्ने विगतबाट प्राप्त आफ्नो विरासतलाई देशहरूले सम्बोधन गर्छन् ।

विगतमा शान्ति तथा न्यायसम्बन्धी सङ्कथन र बहसलाई सँगसँगै जान नसक्ने लक्ष्यका रूपमा प्रस्तुत गरिन्थ्यो। मानवअधिकार उल्लङ्घनका पीडकहरूसँगको सहकार्यमा शान्ति स्थापना गर्ने र द्वन्द्वलाई निरन्तरता दिने मूल्यमा न्यायलाई सम्बोधन गर्ने भन्ने कुराहरूबीच दुविधा रहेको भनी ठानिन्थ्यो। तर, उचित रूपमा अनुसरण गरिएमा शान्ति तथा न्यायले वास्तवमा एकअर्कालाई बल प्रदान गर्छन् भन्ने कुरालाई आज बढीभन्दा बढी स्वीकार गरिएको छ। अन्य सङ्क्रमणकालीन राज्यका अनुभवले के देखाएको छ भने, शान्ति र न्यायलाई एकसाथ खोज्ने कार्य सम्भव मात्र होइन, वास्तवमा लोकतन्त्रिकरणमा भएको प्रगति र विकासलाई दिगो बनाउन *अपरिहार्य* समेत छ।

वास्तवमै, हिंसाविरुद्ध लड्नका लागि मानवअधिकार उल्लङ्घनका पीडकहरूका लागि जवाफदेहीता अत्यावश्यक वस्तुका रूपमा रहेको कुरा साबित भइसकेको छ। मानवअधिकार उल्लङ्घनका आरोपितहरूलाई राज्यद्वारा पुर्पक्षमा लैजाने कार्यले त्यस्ता उल्लङ्घनहरू रोकिएका छन् वा त्यस्ता उल्लङ्घनहरूको पुनरावृत्ति कम भएको छ। त्यसको विपरीत, गम्भीर अपराधका लागि आममाफी दिइएका देशहरूमा दण्डहीनताको संस्कृति देखापरेको छ। यसरी यसले मानवअधिकार उल्लङ्घनका कार्यलाई अझ बढाएको छ।

यस सन्दर्भमा सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना गर्ने तथा एक दशक लामो द्वन्द्वका कारण र व्यवहार दुवैको सामना गरी यिनलाई सम्बोधन गर्ने नेपालको प्रतिबद्धता शान्ति सम्झौताका सर्वाधिक महत्त्वपूर्ण तत्त्वहरूमध्ये रहेको कुरालाई म उल्लेख गर्न चाहन्छु।

सङ्क्रमणकालीन न्यायले मुख्य रूपमा दुईवटा कुरा गर्न खोजेको हुन्छ: पहिलो, मौलिक मानवअधिकार र स्वतन्त्रताका वाहकका रूपमा व्यक्तिको आत्मसम्मानको पुनर्स्थापना तथा संरक्षण गर्ने; र दोस्रो, विशेषगरी अधिकारको सम्मान गर्ने समाजको सञ्चालनका लागि अत्यावश्यक रहेको कानुनी शासनको सम्मानमार्फत नागरिक तथा राज्यबीच रहेको विश्वासको बन्धनलाई पुनर्निर्माण गर्न मद्दत गर्ने। व्यावहारिक रूपमा भन्दा, विशिष्ट सङ्क्रमणकालीन न्याय संयन्त्रको निर्माणमा फौजदारी न्याय, सत्य निरूपण, परिपूरण तथा संस्थागत सुधारलाई अङ्गीकार गरिएको हुन्छ।

नेपालमा यी संयन्त्रहरू – बेपत्ता पार्ने कार्यसम्बन्धी आयोग तथा सत्य निरूपण तथा मेलमिलाप आयोग – को स्थापना गर्नु आवश्यक र जरुरी दुवै छ। संविधानसभाले आवश्यक मस्यौदा कानुन पारित गरी यी आयोगहरूको शीघ्र स्थापना गर्नुपर्दछ। यसका अतिरिक्त, पीडितका मागहरूलाई साँचो अर्थमा सम्बोधन गरिने कुरा सुनिश्चित गर्न यी कानुनहरू उच्चतम अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप हुनुपर्दछ। यस सम्बन्धमा, अन्तर्राष्ट्रिय कानुनसँग पूर्ण रूपले अनुकूल गराउन वर्तमान मस्यौदा विधेयकका केही प्रावधानहरूलाई सच्याउनुपर्छ। यसले हाम्रा आशाहरू र जारी संवैधानिक प्रक्रियाका क्रममा देशभरिका पीडित समूहहरूद्वारा अभिव्यक्त आकाङ्क्षाहरूलाई पनि प्रतिविम्बित र सम्बोधन गर्नेछ।

सङ्क्रमणकालीन न्यायको क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय प्रणालीभित्रको मुख्य निकायका रूपमा मेरो कार्यालयले बीसवटा भन्दा बढी देशहरूमा सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्यक्रमलाई सहयोग पुऱ्याएको छ। नेपालमा उच्चायुक्तको कार्यालयले यस प्रक्रियाको तयारीमा सक्रिय रूपले सहयोग पुऱ्याइरहेको छ र यस महत्त्वपूर्ण प्रयासमा हामी तपाईंहरूलाई सहयोग गर्न आवश्यक पर्ने कुरा गर्न तयार छौं।

तथापि, यी संयन्त्रहरूमात्र पर्याप्त नरहेको कुरामा पनि मैले जोड दिनैपर्छ। सङ्क्रमणकालीन न्यायभित्र अभियोजनका पहललगायतका न्यायिक र गैरन्यायिक दुवै प्रक्रिया र संयन्त्रहरू हुनुपर्छ। आयोगहरूले समाजमा कानुनी शासनको प्रत्याभूति गर्ने नियमित फौजदारी न्याय प्रणालीको ठाउँ लिन सक्दैनन्। मानवअधिकारको घोर उल्लङ्घन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका सबै मुद्दाहरूको अनुसन्धान तथा अभियोजन गर्ने दायित्व नेपाललगायत सबै राज्यहरूमा रहेको छ। यसका अतिरिक्त, क्षमादान वा फौजदारी आरोपहरू फिर्ता लिने कार्य गरेर समेत गम्भीर मानवअधिकार उल्लङ्घनका लागि यस्तो अभियोजन रोक्न द्वन्द्वपछि आममाफी दिन सकिँदैन।

नेपालमा अझै कतिपय मुद्दाहरू विचाराधीन अवस्थामा छन्, जसका लागि सङ्क्रमणकालीन न्याय संयन्त्रहरू स्थापनाका कुरा प्राथमिकतामा रहे पनि प्रहरी अनुसन्धान तथा न्यायिक कारबाहीहरू जारी रहनुपर्दछ। नेपालमा अहिलेसम्म द्वन्द्वका क्रममा गरिएका अपराधका लागि कसैलाई पनि जवाफदेही नबनाइनु अत्यन्त चिन्ताको कुरा रहेको छ। फौजदारी अनुसन्धानहरू अघि बढेका छैनन्, केही पीडकहरूको पदोन्नति समेत गरिएको छ र पीडितका गुनासाहरूलाई सम्बोधन गर्न र क्षतिपूर्ति दिन अत्यन्त कम मात्र काम गरिएको छ।

सशस्त्र द्वन्द्वका पीडितहरूले कठोर शारीरिक, मनोवैज्ञानिक र भौतिक मूल्य चुकाउनुपरेको कुरा हामीलाई थाहा छ। पीडितहरूलाई प्रायः नियतवश नै नभए पनि दण्डहीनताविरुद्ध लड्ने प्रयासमा बेवास्ता गरिनु विरोधाभासपूर्ण छ। यस रिक्ततालाई सुधार्नुपर्ने स्पष्ट आवश्यकता छ। म विशेषगरी बेपत्ता पारिएकाहरूका ती परिवारजनबारे सोचिरहेकी छु जो आफ्ना प्रियजनको अवस्थाबारे लामो समयदेखि अन्धकारमा छन् र आजसम्म पनि सत्य तथा न्यायको पर्खाइमा पीडा भोगिरहेका छन्। के भयो भन्नेबारे थाहा भएमा उनीहरू ठूलो बोझबाट मुक्त हुनेछन् र जिम्मेवारहरूलाई जवाफदेही बनाइएको देख्दा उनीहरू र सम्पूर्ण नेपाली समाज द्वन्द्वको समयभन्दा बाहिर निस्कन सक्नेछ र राज्यका संयन्त्रहरूप्रति तिनको पूर्ण विश्वास हुनेछ।

प्रभावकारी अनुसन्धान र अभियोजन प्रक्रियाको मुख्य भागमा सफल साक्षी तथा पीडित संरक्षण कार्यक्रम रहेको हुन्छ। मानवअधिकार तथा अन्तर्राष्ट्रिय फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा संलग्न अधिकांश साक्षी र पीडितहरूसँग प्रतिशोधमा परिने हो कि भन्ने भयको सही कारण हुन्छ। उनीहरू प्रायः अस्थिर र असुरक्षित वातावरणमा बसेका हुन्छन् जहाँ तिनको सर्वाधिक मौलिक मानवअधिकारको उल्लङ्घन हुन सक्छ। आफ्नो संरक्षणका लागि कुनै उपयुक्त सुरक्षा कवचको अभावमा साक्षी र पीडितहरूको शारीरिक तथा मनोवैज्ञानिक अखण्डता एवं निजत्व, आत्मसम्मान, प्रतिष्ठा र जीवनसमेत जोखिममा पर्न सक्छ। साक्षी प्रमाण प्राप्त गर्नमा हुने विफलताले गर्दा न्यायप्रणालीले विश्वास हासिल गर्न सकेन भने विगत र वर्तमानका दुर्व्यवहारसँग सम्बन्धित पीडितलाई न्याय दिने तथा दण्डहीनता अन्त्य गर्ने देशको सम्पूर्ण क्षमतामा नै प्रश्नचिह्न लाग्न सक्छ। यस सम्बन्धमा, नेपालमा स्वतन्त्र साक्षी तथा पीडित संरक्षण निकायको स्थापनाका लागि प्रभावकारी कानुनी खाका तयार पार्न म तपाईंहरूलाई आवश्यक कानुनी प्रक्रिया सुरु गर्न आग्रह गर्छु।

माननीय अध्यक्ष,
संविधानसभाका माननीय सदस्य तथा कर्मचारीहरू,
महिला तथा सज्जनवृन्दहरू,

म तपाईंहरू, व्यवस्थापिका-संसदका सदस्यहरू, सरकार तथा सबै राजनीतिक दलहरूलाई सबै पीडितका सरोकारहरूलाई सम्बोधन गर्ने कार्यलाई उच्च प्राथमिकताको विषय बनाउन आग्रह गर्दछु। नेपालले यी पीडितका आवाजलाई राजनीतिको कोलाहलमा दबिएको हेर्न सक्दैन। तपाईंहरूसँग द्वन्द्वका दुवै पक्षद्वारा गरिएका खराब कामलाई सम्बोधन गर्नमा सही निर्णय लिने साहस हुनै पर्छ। यसले पीडितहरूको जायज आकाङ्क्षाहरूलाई पूरा गर्ने मात्र होइन नेपालको शान्ति प्रक्रियाको मानवीय आयामलाई समेत साँचो अर्थमा प्रतिविम्बित गर्छ।

संविधान लेखन कार्यले मानवअधिकार तथा न्यायको सम्मानमा आधारित राज्य दृढताका साथ निर्माण गर्ने ऐतिहासिक अवसर पनि प्रदान गरेको छ। समाजमा रहेका झैझगडाका जड कारणलाई सम्बोधन गर्न यस प्रक्रियालाई प्रयोग गरी तथा सम्पूर्ण अधिकारको संरक्षणलाई प्रतिष्ठापित गरी तपाईंहरूले द्वन्द्वको पुनरावृत्ति हुने तथा भविष्यमा विगतका मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारहरू दोहोरिने सम्भावनालाई सीमित पार्नुहुनेछ। नेपालमा मौलिक अधिकार प्रत्याभूति गर्ने बलियो परम्परा रहेको र त्यससँगै त्यस्ता अधिकारको प्रक्रियात्मक संरक्षण गर्ने स्वतन्त्र न्यायपालिका रहेको कुरा उल्लेख गर्न पाउँदा मलाई खुसी लागेको छ।

नयाँ संविधान पारित गर्ने कार्यलाई नेपालको शान्ति प्रक्रियाको सफलता मापन गर्ने कसीहरूमध्ये एकका रूपमा हेरिनेछ भनेर भनिराख्नुपर्दैन। यस देशको मौलिक कानुनी खाकालाई सबल बनाउन सबै सरोकारवालाहरूले मिलेर कार्य गर्नु अत्यावश्यक छ। यस प्रक्रियामा उच्चायुक्तको कार्यालयको प्रतिबद्धता तथा सहयोग रहने कुराको म आश्वासन दिन चाहन्छु।

संविधान लेखनले लामो समयदेखि रहेको विभेद तथा सामाजिक बहिष्करणलाई सम्बोधन गर्न नेपाललाई अभूतपूर्व अवसरसमेत प्रदान गरेको छ। 'छुवाछुत' तथा हलिया, कमैया र कमलरी जस्ता बधुँवा मजदुरी प्रणालीलगायतका नेपालमा रहेका विभेदकारी प्रचलनविरुद्ध लड्नु निस्सन्देह देशका प्रमुख प्राथमिकताहरूमध्ये एक हो।

यस सम्बन्धमा, नेपालमा सबै मानवअधिकारहरूको संवैधानिक संरक्षणलाई सुदृढ तुल्याउनेतर्फ मस्यौदा लेखन समितिहरूको प्रयासलाई मैले ध्यानमा लिएकी छु। मस्यौदा पाठहरूमा अविभेदसम्बन्धी विस्तृत बुँदाहरूलगायत कतिपय महत्त्वपूर्ण प्रावधानहरू रहेको देख्दा मलाई खुसी लागेको छ। अल्पसङ्ख्यक तथा सीमान्तीकृतका अधिकारलगायत कतिपय सामूहिक अधिकारसम्बन्धी प्रावधानहरू देख्न पाउनु पनि उत्साहजनक छ।

साथै, मस्यौदामा रहेका केही प्रावधानहरूले समानताको अधिकारजस्ता आधारभूत अधिकारको संरक्षण नगर्ने कुरामा म जोड दिन चाहन्छु। यहाँ, म नागरिकतासम्बन्धी प्रावधानको दृष्टिमा लैङ्गिक विभेद तथा गैरनागरिकको अधिकारको अपर्याप्त सम्मानबारे विशेष रूपमा उल्लेख गर्न चाहन्छु। म नागरिक तथा राजनीतिक अधिकारसँग समान रूपमा आर्थिक तथा सामाजिक अधिकारको पालना गराउने काम नभएको कुरालाई पनि उल्लेख गर्न चाहन्छु। सबैका लागि र विशेषगरी सर्वाधिक जोखिममा रहेका महिला, बालबालिका, दलित तथा आदिवासी जनजातिका लागि आर्थिक र सामाजिक अधिकार सुनिश्चित गर्ने कार्य आर्थिक तथा सामाजिक न्यायको नेपाली जनताको आकाङ्क्षा पुरा गर्ने एउटा उल्लेखनीय अग्रगामी कदम हुनेछ। संविधानमा खाद्य, स्वास्थ्य, शिक्षा र रोजगारीजस्ता आधारभूत अधिकारहरू प्रत्याभूत नगरिए र तिनलाई कानुनी रूपमा बाध्यकारी नबनाइए सबै मानवअधिकारहरूको पूर्ण पालना हुनेछैन।

सबैका लागि, विशेष गरी महिला, बालबालिका, दलित तथा आदिवासी जनजातिलगायतका सर्वाधिक जोखिममा रहेकाहरूका लागि, आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गर्नु आर्थिक तथा सामाजिक न्यायका लागि नेपाली जनताका आकाङ्क्षा पूरा गर्नेतर्फ एक उल्लेखनीय कदम हुनेछ। संविधानमा खाद्यान्न, स्वास्थ्य, शिक्षा तथा रोजगारीसम्बन्धी आधारभूत अधिकारहरू प्रत्याभूति नगरिएमा सबै मानवअधिकारहरूको पूर्ण रूपले प्राप्ति हुनेछैन।

त्यसबाहेक, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधका लागि आममाफी हुनसक्ने प्रावधानको सम्भावित समावेशलाई मैले चिन्ताका साथ लिएकी छु। प्रारम्भिक संवैधानिक प्रस्तावमा रहेका कुनै पनि त्यस्ता गल्तीहरू नेपालको मानवअधिकार सन्धिजन्य दायित्वअनुरूप चालु छलफलमा सच्याइनुपर्छ।

संविधान आफैले मानिसहरूको अधिकारको उपभोगलाई प्रत्याभूति गर्दैन भन्ने कुरालाई पनि हामीले आफैंलाई स्मरण गराउनुपर्छ। सबैभन्दा राम्रोसँग लेखिएको संविधानले पनि मानिसहरूको अधिकारको उपभोगलाई आफै प्रत्याभूति गर्दैन भन्ने कुरा विश्वभरिको तुलनात्मक अनुभवले हामीलाई बताउँछ। संविधानमा स्वीकार गरिएका अधिकारहरूको प्रभावकारितालाई कसरी अधिकतम बनाउने भन्ने कुरामा ध्यान दिनु पनि महत्त्वपूर्ण हुन्छ।

यस सम्बन्धमा म राष्ट्रिय मानवअधिकार आयोगका लागि नयाँ कानुन पारित गर्न आग्रह गर्छु, जुन कानुन जवाफदेहीताको कार्यसूचीलाई अगाडि बढाउन एउटा महत्त्वपूर्ण फड्को हुनेछ। सरकारलाई जवाफदेही बनाउन सक्ने पर्याप्त अधिकार भएको बलियो, स्वतन्त्र न्यायपालिका र मानवअधिकार उल्लङ्घनका उजुरीहरूमा फैसला गर्न सक्ने राष्ट्रिय मानवअधिकार संस्था प्रभावकारी जवाफदेही संयन्त्रहरूका लागि अत्यावश्यक हुन्छन्।

व्यवस्थापिका-संसदले नेपाली समाजको अत्यन्त सीमान्तीकृत समुदायमध्ये एक रहेको दलित समुदायको मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनलाई अगाडि बढाउने लक्ष्य लिएका दुई महत्त्वपूर्ण विधेयकहरूमाथि विचार गरिरहेको छ भन्ने कुरा उल्लेख गर्दा मलाई खुसी लागेको छ। म छुवाछुतसम्बन्धी प्रचलनहरूलाई उपयुक्त ढङ्गबाट अपराधीकरण गर्ने विधेयक तथा सो समुदायको अधिकारको रक्षामा केन्द्रित हुन बलियो, स्वतन्त्र र पर्याप्त रूपमा संसाधनयुक्त राष्ट्रिय दलित आयोग स्थापना गर्ने विधेयकबारे कुरा गर्दैछु।

यी तीनवटा कानुनहरूलाई उच्चतम अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड तथा सर्वोत्तम अभ्यासहरूअनुरूप हुने कुरा सुनिश्चित गर्न आवश्यक संशोधनपछि पारित गर्ने कार्य उल्लेखनीय महत्त्वको हुनेछ।

त्यसबाहेक, नेपाल विश्वव्यापी आवधिक समीक्षाको सकारात्मक प्रक्रियाबाट गएको र यसले कतिपय महत्त्वपूर्ण सिफारिसहरूलाई स्वीकार गरेकोमा उच्चायुक्त, म र मेरा सहकर्मीहरू खुसी भयौं भन्ने कुरालाई म जोड दिन चाहन्छु। म सरकारलाई उसले अस्वीकार गरेका केही सिफारिसहरूमाथि पुनर्विचार गर्न र यी सिफारिसहरूको कार्यान्वयनका लागि संयन्त्रहरू स्थापना गर्न आग्रह गर्दछु।

माननीय अध्यक्ष,
संविधानसभाका सदस्य तथा कर्मचारीहरू,
महिला तथा सज्जनवृन्दहरू,

आज विश्वका धेरै देशहरू उल्लेखनीय उथलपुथलकारी परिवर्तनबाट गुज्रिरहेका छन् – इजिप्ट, आइभरी कोस्ट र लिबिया तीमध्ये केही त्यस्ता देश हुन्। तपाईंहरूको देशको पछिल्लो दशकका, आजका र भविष्यका अनुभवहरू यी देशका लागि उदाहरण र सायद नमुना बन्न सक्छन्।

विश्वले लामो आन्तरिक द्वन्द्वबाट बाहिर निस्की कसरी यसले मानवअधिकार, कानुन तथा न्यायको शासनमा आधारित शान्तिपूर्ण र दिगो समाजको स्थापना गर्न सक्छ भनी नेपाललाई हेरिरहेको छ। यस देशमा लामो समयदेखि उपस्थित उच्चायुक्तको कार्यालय आफूले सक्दो सहयोग जारी राख्न तयार छ।

धन्यवाद